# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, भदौ ३१ गते २०५१ साल (अतिरिक्ताङ्क २६ (ख)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजबाट मन्त्रिपरिषद्को मिति २०५१।५।३० को बैठकले आगामी कार्तिक २७ गते हुने निर्वाचनको मिति सार्ने सम्बन्धमा निर्णय गरी जाहेर गरेको विषयमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ को उपधारा (५) बमोजिम सर्वोच्च अदालतको राय बुझ्न पठाइबक्सेको छ ।

### सूचना २

श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारबाट २०५१ साल असोज ४ गतेदेखि गरिबक्सने गणतन्त्र फ्रान्सको राजकीय भ्रमणको सिलसिलामा मौसूफहरूका साथ माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री रामहरि जोशी असोज २ गते जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय आवास तथा भौतिक योजना मन्त्री श्री बलबहादुर राईले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८९

मुद्रण विभाग, सिंहदरबार

१०३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।